# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल जेठ महिना ९ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय चावहिलबाट तपशिलमा उल्लेखित ऋणीले हायरपर्चेज कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंक संग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र यस बैकका शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहन सूचित गरिन्छ ।

## तपशिल

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|
| नाम : **कर्म तमाङ**<br>बाबुको नाम : बिर बहादुर तमाङ<br>बाजेको नाम : धन बहादुर तमाङ<br>स्थायी ठेगाना : दोलखा जिल्ला भीमेश्वर न.पा.<br>वडा नं. १३<br>हालको ठेगाना : दोलखा जिल्ला भीमेश्वर न.पा.<br>वडा नं. ७<br>ना.प्र.नं. : २२२४८०७/९८६<br>जारी मिति र जिल्ला : २०५९/०३/०४, दोलखा | १. नाम : **रुपा सुनुवार**<br>बाबुको नाम : जिवन बहादुर सुनुवार<br>पतिको नाम : कर्म तमाङ<br>ससुराको नाम : बिर बहादुर तमाङ<br>स्थायी ठेगाना : ललितपुर जिल्ला ठुलादुर्लुङ गा.वि.स.<br>वडा नं. ७<br>हालको ठेगाना : ललितपुर जिल्ला महांकाल गा.पा.<br>वडा नं. ६<br>ना.प्र.नं. : २८-०२-०७१-६६२<br>जारी मिति र जिल्ला : २०७१/०७/१३, ललितपुर |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** | **संस्थागत धनजमानीकर्ताको विवरण** |
| २. नाम : **कर्मा लामा**<br>बाबुको नाम : साईला लामा<br>बाजेको नाम : पुर्ण बहादुर लामा<br>स्थायी ठेगाना : दोलखा जिल्ला लाकुरीडाँडा गा.वि.स.<br>वडा नं. ९<br>हालको ठेगाना : दोलखा जिल्ला भीमेश्वर न.पा.<br>वडा नं. ९<br>ना.प्र.नं. : २२२२१०१२/११८<br>जारी मिति र जिल्ला : २०६७।०८।०६, दोलखा | ३. नाम : **नेपाल यातायात एक्सप्रेस प्रा.लि.**<br>दर्ता नं. : २१६३५२/७५/०७६<br>दर्ता मिति : २०७६/०२/१७<br>स्थायी लेखा नं. : ६०९५४७१७७<br>दर्ता मिति : २०७६/०३/१३<br>रजिष्टर्ड कार्यालय : काठमाडौं जिल्ला का.म.न.पा<br>वडा नं. १० |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**

१. मिति २०७९/१०/११ को नयाँ पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

२. मिति २०८०/११/२४ गतेको अभियान दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** धनी यस बैंक र ऋणी कर्म तमाङ कायम रहेको तपसिल बमोजिमको सवारी साधनः

| सवारी दर्ता नं. | इन्जिन नं. | च्यासिस नं. | सवारी मोडेल | कम्पनीको नाम | बनेको साल | सवारी किसिम |
|---|---|---|---|---|---|---|
| बा ५ ख ७३९२ | E413CDJH232206 | MC2A5HRTOJH415722 | 10.75 HSRL BUS | VEC. V LTD INDIA | 2018 | बस |

## शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८१/०२/१५ गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय चावहिल आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पुर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४) प्राप्त बोलपत्रहरु मिति २०८१/०२/१६ गते बुधबार अर्थात ८ औ दिन दिउसो १:०० बजे भित्र यस बैकको शाखा कार्यालय चावहिलमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।


"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887

Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np

Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020


**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**